स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपालमा अभिनयको अनुभवलाई सर्टिफिकेट मानेर निर्देशनमा होमिएका कलाकारहरूको संख्या ठूलो छ । भुवन केसी, निखिल उप्रेती, विराज भट्ट, झरना थापा, दीपाश्री निरौला लगायतले फिल्म निर्देशन गरेर सफलता पनि पाइसकेका छन् । अब अभिनेत्री तथा निर्मात्री नीता ढुंगाना (अधिकारी)ले फिल्म निर्देशन गर्ने भएकी छन्। उनले "सुख दुःख"बाट निर्देशनमा डेब्यु गर्न लागेकी हुन् ।

**आजको विचार...**



अनुसा थापा

गाउँ...

(दुई पेजमा)

प्रदर्शन मिति तय नहुँदै फिल्म "हली"को पहिलो गीत "चानस पाए त" सार्वजनिक गरिएको छ। काठमाडौंमा आयोजित एक कार्यक्रमका बीच बाबुल गिरी र शान्तिश्री परियारको स्वरमा रहेको उक्त गीत सार्वजनिक गरिएको हो। गीतमा जस्मिन श्रेष्ठको शब्द रचना तथा गायक गिरी स्वयंको संगीत रहेको छ। यो फिल्मको प्रमोसनल गीत हो। गीतको भिडियोमा अभिनेता प्रमोद दीपसँगै कलाकारहरु दीपाश्री निरौला, दीलिप रायमाझी, प्रियंका कार्की र पूजा शर्मा नृत्य गर्दै देखिएका छन्।



❐ वर्ष ३० ❐अंक ३३४ ❐ २०८२ असार १५ गते आइतबार 29 June 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## पाल्पाको एसईई नतिजा

# ६ जनाले ल्याए चार जिपिए, ६०.४५ प्रतिशत विद्यार्थी उर्त्तिण


**सुजित रेगामी**

**पाल्पा, असार १४**/राष्ट्रिय परीक्षा बोर्डले शुक्रबार प्रकाशित गरेको एसईई परिक्षा २०८१ को नतिजामा पाल्पाबाट ६ जनाले चार जिपिए ल्याएका छन् । दुई सामुदायिक र एक संस्थागत विद्यालयका चार छात्रा र दुई छात्रले चार जिपिए ल्याउन सफल भएका हुन् ।

तानसेनको देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालयबाट एक जना र न्यू होराईजन माध्यमिक विद्यालयबाट तीन जना र रामतुलसी नमुना माध्यमिक विद्यालय रामपुरबाट दुई जना विद्यार्थीले चार जिपिए ल्याएका हुन् ।

शिक्षा विकास तथा समन्वय इकाइ पाल्पाका अनुसार देववाणी देववाणी संस्कृत तथा साधारण माविबाट सुलभ भट्टराई, न्यू होराईजन माविबाट दिया कार्की, कामना राना र निश्चल भण्डारी, रामतुलसी माविबाट विविशा घिमिरे र अनुजा श्रेष्ठले चार जिपिए ल्याउन सफल भएका हुन् । चार जिपिए ल्याउने विद्यार्थीहरु सबै साधारण तर्फका रहेको समन्वय इकाइका प्राविधिक सहायक बोमबहादुर थापाले बताए । अघिल्लो वर्षको तुलनामा चार जिपिए ल्याउने विद्यार्थी संख्या बढेको छ । गत वर्ष जिल्लाबाट दुई जनाले मात्र चार जिपिए ल्याएका थिए ।



शिक्षा विकास तथा समन्वय इकाइ पालपा

नियमित तर्फ एसइइ २०८१ को नतिजा विवरण

| साधारण तर्फ | | | | प्राविधिक तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | जिपिए वर्गान्तर | जम्मा विद्यार्थी | कैफियत | क्र.सं. | जिपिए वर्गान्तर | जम्मा विद्यार्थी | कैफियत |
| १ | ४ जि.पि.ए | ६ | | १ | ४ जि.पि.ए | ० | |
| २ | ३.६१ - ४.०० | २३२ | | २ | ३.६१ - ४.०० | १८ | |
| ३ | ३.२१ - ३.६० | ५५१ | | ३ | ३.२१ - ३.६० | ६२ | |
| ४ | २.८१ - ३.२० | ७५३ | | ४ | २.८१ - ३.२० | ६१ | |
| ५ | २.४१ - २.८० | ५३८ | | ५ | २.४१ - २.८० | १५ | |
| ६ | २.०१ - २.४० | २० | | ६ | २.०१ - २.४० | ० | |
| ७ | १.६० - २.० | ० | | ७ | १.६० - २.० | ० | |
| ८ | १.६० भन्दा कम | १४०४ | | ८ | १.६० भन्दा कम | ७२ | |
| जम्मा | | ३५०४ | | जम्मा | | २२८ | |
| साधारण तर्फ ग्रेड पुरा गरेका प्रतिशत - ५९.९३% | | | | प्राविधिक तर्फ ग्रेड पुरा गरेका प्रतिशत - ६८.४२% | | | |
| साधारण तर्फ ग्रेड पुरा नगरेका प्रतिशत - ४०.०७% | | | | प्राविधिक तर्फ ग्रेड पुरा नगरेका प्रतिशत - ३१.५८% | | | |

सहभागी जम्मा विद्यालय - १३९

साधारण र प्राविधिक दुवै तर्फ ग्रेड पुरा गर्ने विद्यार्थी प्रतिशत - ६०.४५%

जहाँ जनता माध्यमिक विद्यालय(जेभेटी) तानसेनका उत्सव ढुङ्गाना र रामपुर नगरपालिकाको दराई ठाटी माध्यमिक विद्यालय रामपुरकी पूर्णिमा लक्ष्मी कुवँरले ४ जिपिए ल्याई जिल्ला प्रथम भएका थिए । यस वर्षको एसइईमा १ सय ३९ विद्यालयका ३ हजार ७ सय ३२ विद्यार्थीले परीक्षा दिएका थिए । जसमध्ये ६० दशमलव ४५ प्रतिशतले ग्रेड पुरा गरेका छन् । साधारणतर्फ ५९ दशमलव ९३ प्रतिशत र प्राविधिक धारतर्फ ६८ दशमलव ४२ प्रतिशत विद्यार्थीले ग्रेड पुरा गरेका छन् ।

शिक्षा विकास तथा समन्वय इकाइका अनुसार यस वर्षको एसईईमा जीपीए ३.६१ देखि ४ सम्म ल्याउने विद्यार्थीको संख्या २ सय ५० रहेको छ । जीपीए ३.६० भन्दा मुनि ३.२० सम्म ६ सय १३ जनाले प्राप्त गरेका छन् । यस्तै, ३.२० भन्दा मुनि २.८० सम्म प्राप्त गर्ने ८ सय १४ जना छन् । जीपीए २.८० भन्दा मुनि २.४० सम्म ५ सय ५३ र २.४० भन्दा मुनि २.० सम्म ल्याउने विद्यार्थीको संख्या २० छ । जीपीए २.० भन्दा मुनि १.६० सम्म ल्याउने छैन भने १.६० भन्दा कम ल्याउने विद्यार्थी १ हजार ४ सय ७६ जना छन् । परीक्षामा ग्रेड प्राप्तसहित उत्तीर्ण हुन प्रत्येक विषयमा सैद्धान्तिकतर्फ ३५ र आन्तरिक मूल्यांकनमा ४० प्रतिशत अंक प्राप्त गर्नुपर्ने व्यवस्था छ । नतिजामा चित्त नबुझे पुनर्योग र उत्तरपुस्तिका पुनः परीक्षणको समेत व्यवस्था गरिएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । त्यसका लागि अनलाइन आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । एसईईमा अनुत्तीर्ण विद्यार्थीको पूरक परीक्षा २९ साउनदेखि हुने बोर्डले जनाएको छ । यो वर्ष एसईई ७-१९ चैतमा भएको थियो ।

## संक्षिप्त समाचार

### बाढीका कारण ११ जनाको मृत्यु



**(रासस/एएफपी)**

**पेशावर, असार १४**/पाकिस्तानको उत्तर-पश्चिमी पहाडी क्षेत्रमा परेको अत्यधिक वर्षा र बाढीका कारण बालबालिका र महिलासहित ११ जनाको मृत्यु भएको छ ।

खैबर पख्तुनख्वा प्रान्तको विपद् व्यवस्थापन निकायका अनुसार पछिल्लो २४ घण्टामा आएको आकस्मिक बाढी र पहिरोले चार बालबालिका र तीन महिलासहित ११ जनाको ज्यान लिएको छ भने अन्य ६ जना घाइते भएका छन् । बाढीका कारण ५६ वटा घरमा क्षति पुगेको छ भने ६ वटा घर पूर्ण रूपमा भत्किएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

राष्ट्रिय जलवायु तथा मौसम विभागले मंगलबारसम्म अझै भारी वर्षा र आकस्मिक बाढीको जोखिम रहेको चेतावनी दिएको छ।

## सांस्कृतिक विविधताको सम्मान गरौं

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- सांस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं।

**"सांस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं"**

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# रोटरी क्लव पाल्पा तानसेनको २५ वर्षे यात्रा, यस्ता छन् महत्वपूर्ण उपलब्धी

**रामचन्द्र रायमाझी**

**पाल्पा, असार १४**/जिल्लाको सामाजिक क्षेत्रमा क्रियाशिल रोटरी क्लव अफ पाल्पा तानसेनले २५ वर्षे यात्रा तय गरेको छ । सामाजिक सेवा गर्ने उद्देश्यले स्थापना भएको क्लव २५ वर्षे यात्रामा अगाडि बढेको हो ।

क्लवले २५ वर्षको यात्रामा आफुलाई नेपालकै प्रतिष्ठित र उत्कृष्ट सामाजिक संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । त्यसबेला धेरैले विश्वास नगरेको विषय थियो पाल्पामा रोटरीले भोलि राष्ट्रियस्तरमा प्रतिष्ठित र उत्कृष्ट समाज सेवा गर्ने संस्थाको रूपमा खडा हुनेछ तर धेरैको आकलनलाई गलत सावित गर्दै रोटरीले आृनो २५ वर्षे यात्रा तय गरेको छ । रोटरी स्थापनापछि थुप्रै सामाजिक संघसंसथाहरू खुले । तर रोटरीले जस्तो सामाजिक क्षेत्रमा काम गर्न सकेनन् ।



क्लवको शिक्षा, स्वास्थ्य, सामाजिक क्षेत्रमा ठूलो योगदान रह्यो । दुई दशक लामो यात्रामा क्लवले थुप्रै परियोजनाहरु सम्पन्न गर्न सफल भएको छ । स्थापना दिवसका दिन क्लवका अध्यक्ष रो. भिमबहादुर श्रेष्ठले क्लवले हालसम्म गरेका मुख्य उपलब्धीका बारेमा जानकारी गराउदै थुप्रै योजनाहरु सम्पन्न गर्न सफल भएको बताए ।

*-बाँकी अन्तिम पेजमा...*

# कृषि

## मकैमा फौजी कीराको समस्या, विषादी अभाव



बैतडीको प्रमुख खाद्यबालीका रूपमा रहेको मकैमा अमेरिकन फौजी कीराको समस्या देखिएपछि किसान चिन्तित भएका छन् ।

कृषि ज्ञान केन्द्रका प्रमुख हरिदत्त जोशीका अनुसार दोगडाकेदार र शिवनाथ गाउँपालिकामा फौजी कीराले मकैबाली नष्ट गर्न थालेको छ । उनले मकै बालीमा कीराको समस्या देखिएको गुनासो आएको र विषादी वितरण गर्न थालिएको बताए । केन्द्रले यसअघि नै इमामेक्टिन वेन्जोएट नामक विषादी वितरण गरिरहेको छ । हाल भने कृषि ज्ञान केन्द्रमा पनि उक्त विषादी अभाव छ । कीराले मकैको बोट सखाप पार्ने गरेको दोगडाकेदार -७ का दीपेन्द्र कार्कीले बताए। उनले भने, 'फौजी कीराले मकैबाली सखाप पारेको छ । उत्पादनमै कमी हुने देखिन्छ।' लामो समयसम्मको खडेरीका कारण फौजी कीरा बढी सक्रिय भएको हो । दिनभरि मकैको बोटमा लुक्ने र रात परेपछि मकैको घोघा, डाँठ, पात र टुप्पा खाएर थोरै समयमा बाली नष्ट गर्ने गरेको दोगडाकेदार गाउँपालिकाका कृषि शाखा प्रमुख सुरेश भट्टले बताए । उनले भने, 'फौजी कीरा देखिएका स्थानका किसानलाई हामीले विषादी छर्किन सुझाव दिएका छौँ।' मकैको पकेट क्षेत्रमा नै कीराले नोक्सान गरेको छ । पाँच वर्षयता हरेक वर्ष फौजी कीराको समस्या देखिने गरेको छ । बैतडीमा १३ हजार हेक्टर क्षेत्रमा मकैखेती गरिँदै आएको छ ।

*-अनलाइन खबर डटकम*

## ५९ हजार ४ सय ७६ मेट्रिक टन धान उत्पादन



चालु आर्थिक वर्ष २०८१/८२ मा नेपालमा १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान खेती गरिएको छ । शुक्रबार कृषि तथा पशुपक्षी विकास मन्त्रालय अन्तर्गतको कृषि विभागले प्रेस विज्ञप्ति जारी गर्दै यसबारे जानकारी दिएको हो ।

कृषि विभागका महानिर्देशक प्रकाश सञ्जेलका अनुसार बर्षे र चैते दुवै गरी १४ लाख २० हजार ६ सय ३६ हेक्टर क्षेत्रफलमा धान खेती गरिँदा ५९ हजार ४ सय ७६ मेट्रिक टन उत्पादन भएको छ । गत आर्थिक वर्ष २०८०/८१ को तुलनामा १.२८ प्रतिशत कम क्षेत्रफलमा धान रोपाइँ भए पनि हालसम्मको उच्चतम औषत उत्पादकत्व हासिल हुँदा कूल उत्पादनमा पनि गत आर्थिक वर्ष भन्दा ४.०४ प्रतिशतले बढोत्तरी भएको अवस्था छ ।

मुलुकको लागि आवश्यक पर्ने करिब ७० लाख मेट्रिक टन धानमध्ये करिब १० लाख मेट्रिक टन धान उत्पादन अपुग रहेको छ । फलस्वरूप, चालु आर्थिक वर्षको जेठ मसान्तसम्म करिब धान, धानको बीउ, चामल र कनिका गरी कूल ७ लाख ५३ हजार मेट्रिक टन धान जन्यवस्तु आयात भएको छ भने करिब ३८ अर्ब ९४ करोड रुपैयाँ बिदेसिएको महानिर्देशक सन्जेलले बताए ।उनका अनुसार नेपाल कृषि अनुसन्धान परिषद्बाट धानबालीका विभिन्न १४० भन्दा बढी जातहरू दर्ता भएका छन् । *-रातोपाटी डटकम*


## गल्याङ नगरपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| पुरुषोत्तम घिमिरे | हेमा न्यौपाने तिमिल्सीना | गुरु प्रसाद भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | नगर उप-प्रमुख | नगर प्रमुख |

गल्याङ नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
गल्याङ, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल


## 'अझै मनसुन सक्रिय नहुँदा अपेक्षाकृत रोपाइँ हुन सकेन'



समयमा मनसुन सक्रिय नहुँदा लुम्बिनी प्रदेशमा रोपाइँ ढिलो सुरु भएको छ । सिञ्चित क्षेत्रमा धमाधम रोपाइँ जारी भए पनि आकाशे वर्षाको भरमा रहेका खेतमा भने किसानले अझै पनि धान रोप्न सकेका छैनन् । लुम्बिनी प्रदेशको १२ जिल्लामध्ये पूर्वी नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ, बाँके, बर्दियामा धानखेती राम्रो हुने जिल्लाको रुपमा मानिन्छन् । असार दोस्रो सातामा पनि यस क्षेत्रमा मनसुन सक्रिय हुन नसक्दा अपेक्षाकृत रोपाइँ हुन सकेको छैन् ।

लुम्बिनी प्रदेशको कृषि विकास निर्देशनालयका सूचना अधिकारी विवेक पन्तका अनुसार प्रदेशमा कूल धान रोपाइँ हुने क्षेत्रफलको यही असार ६ गतेसम्म जम्मा १० प्रतिशत मात्र रोपाइँ भएको छ । प्रदेशका १२ जिल्लामा गरी कूल ६ लाख ८० हजार १५ हेक्टर खेतीयोग्य जग्गा रहेको छ । यसमध्ये तीन लाख दुई हजार नौ सय ३९ हेक्टर क्षेत्रफलमा धानखेती हुन्छ । तर अहिलेसम्म २९ हजार २५० हेक्टर क्षेत्रफलमा मात्रै धान रोपाइँ भएको निर्देशनालयले जनाएको छ । सबैभन्दा बढी प्यूठानमा ८२ प्रतिशत जग्गामा धान रोपाइँ भएको छ । यहाँ ६ हजार पाँच सय २५ हेक्टरमध्ये पाँच हजार तीन सय १८ हेक्टरमा धान रोपाइँ सकिएको छ ।

यस्तै, रोल्पामा चार हजार पाँच सय ४७ हेक्टरमध्ये एक हजार आठ सय २० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ । नवलपरासी ( बर्दघाट सुस्ता पश्चिम) मा ४० प्रतिशत धान रोपाइ सकिएको छ। २० हजार चार सय हेक्टरमध्ये आठ हजार एक सय ९२ हेक्टरमा धान रोपाइँ सकिएको छ । रुकुमपूर्वमा ३५४ हेक्टरमध्ये १०६, पाल्पामा आठ हजार दुई सय १० मध्ये ४११ हेक्टरमा रोपाइँ सकिएको छ । यस्तै, रुपन्देहीमा ६० हजार पाँच सय ६७ मध्ये ६ हजार ५८, कपिलवस्तुमा ६५ हजार आठ सय ७१ हेक्टरमध्ये ५२७ हेक्टर अर्थात १ प्रतिशत मात्र रोपाइँ भएको निर्देशनालयको तथ्याङ्कले देखाउछ । दाङमा ३७ हजार दुई सय २५ मध्ये एक हजार चार सय ८९ हेक्टरमा रोपाइँ सकिएको छ । यसैगरी बाँकेमा गएको शुक्रबारसम्म रोपाइँ नै सुरु हुनसकेको छैन । बाँकेमा ३४ हजार सात सय ११ हेक्टर जग्गामा धानखेती हुने गरेको छ । बर्दियामा ५० हजार उक सय ५० हेक्टरमध्ये चार हजार दुई सय ६३ हेक्टर, गुल्मीमा सात हजार पाँच सय ३९ मध्ये चीनज सय ९१ र अर्घाखाँचीमा ६ हजार सात सय ६० हेक्टरमध्ये ६७६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ । सबै भन्दा बढी धान रोपाइ हुने क्षेत्र रहेको कपिलवस्तु, दाङ र बाँके जस्ता जिल्लामा अझै पनि अधिकांश खेतहरु बाझै रहेका छन् । लुम्बिनी प्रदेशमा कुल खेतीयोग्य जमिन ५ लाख ३९ हजार ४ सय ४३ हेक्टर रहे पनि धान खेती ३ लाख ११ हजार हेक्टरमा हुने गरेको छ । सरदर ११ लाख ८५ हजार ४ सय ९३ मेट्रिक टन धान उत्पादन हुने लुम्बिनीमा दुई लाख ७६ हजार आठ सय १९ हेक्टर क्षेत्रफल मात्र सिञ्चित क्षेत्रफलको रुपमा रहेको छ । कूल ग्रार्हस्था उत्पादनमा १४ दशमलव ८ प्रतिशत योगदान गरेको लुम्बिनी प्रदेशमा कृषि गणना २०६८ अनुसार ६ लाख ९२ हजार ९ सय ८२ कृषक परिवार संख्या रहेको छ । रोपाइँ ढिलो हुनुमा पानी नपर्नु मात्र एक कारण होइन । किसानले समयमा मल पाएनन्, ईन्धनको मूल्य बढ्दा पनि अधिकांश किसान समयमै खेत जोत्न सकेनन् । खेत जोत्न देखि लिएर पम्पिङ्ग सेटबाट तानेर खेतमा पानी लगाउन अत्यन्तै महँगो पर्ने भएको हुनाले समयमै खेत रोप्न नसकेको किसानको गुनासो छ ।

ओमसतिया गाउँपालिका-३ बस्ने गङ्गाराम चौधरीले गत वर्षझै यसवर्ष पनि मल पाउन नसकेको बताए । 'मल आउँछ तर हामीले पाएका हुँदैनौँ, पहुँच हुनेहरुले लैजान्छन् होला । हामीलाई त भारतबाट ल्याउने मलकै भर हुन्छ ।' चौधरीले भने, 'भारतीय मलको भर नै हुँदैन, तौल कम हुने, कमसल हुने लगायतका समस्या हुन्छ ।' रोपाइँको समयमा डिएपी मलको आवश्यकता हुन्छ । अहिले पनि रासायनिक मलकै भरमा नेपालमा खेती हुने गरिएको पनि किसानले आवश्यक मलको लागि सहकारीमा हप्तौँदेखि पर्खिबस्नु पर्छ । नेपालको लागि वार्षिक औषतमा ११ लाख मेट्रिक टन मलको आवश्यता हुन्छ तर नेपालमा ३ देखि ५ लाख मेट्रिक टनसम्म मात्र मलको आपूर्ति हुदै आएको छ ।

कृषि सामग्री कम्पनी लिमिटेड क्षेत्रीय कार्यालय भैरहवाले लुम्बिनी प्रदेश, सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र गण्डकी प्रदेशको स्याङजा तथा पूर्वी नवलपरासीमा मल पठाउने गरेको छ । अहिले कार्यालयमै मलको अभाव रहेको त्यहाका निमित्त कार्यालय प्रमुख सुमन पन्थी बताउँछन् । केही ट्रक वीरगञ्जबाट आउनुपर्नेमा बुटवल-नारायणगढको बाटोको कारण आउन नसक्दा पनि समस्या भएको उनको भनाइ छ । कृषि सामाग्री कम्पनी भैरहवाको लागि चालु आर्थिक वर्षमा ५६ हजार ५६ दशमलव ४५ मेट्रिक टन यूरिया र ३९ हजार ९२३ दशमलव ४५ मेट्रिक टन डिएपी मल प्राप्त भएकोमा हाल सम्म ४७ हजार ८०७ दशमलव ७ मेट्रिक टन यूरिया र ३१ हजार १९९ दशमलव ४ मेट्रिक टन डिएपी मल वितरण भइसकेको छ ।

कम्पनीको गोदाममा १० गते सम्म लुम्बिनी प्रदेशको लागि एक हजार ९८३ दशमलव २ मेट्रिक टन युरिया र दुई हजार २४३ दशमलव ३ मेट्रिक टन डिएपी मौज्दात रहेको निमित्त कार्यालय प्रमुख पन्थीले जानकारी दिए । *-रासस*

## देशभर धमाधम रोपाइँ जारी



समयमै मनसुन सुरु भए पनि यस पटक धान रोपाइँ देशभर १७ दशमलव दुई प्रतिशत क्षेत्रमा मात्रै भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार यही असार १४ गतेसम्म सुदूरपश्चिम प्रदेशमा सबैभन्दा बढी अर्थात् ४० प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ ।

कर्णाली प्रदेशमा २३ दशमलव नौ प्रतिशतमा धान रोपाइँ सम्पन्न भएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार, धानको भण्डारको रूपमा परिचित मधेस प्रदेशमा भने सबैभन्दा कम अर्थात् आठ दशमलव दुई प्रतिशत मात्रै धान रोपाइँ भएको छ । यसैगरी कोशी प्रदेशमा १३ दशमलव सात प्रतिशत, वाग्मतीमा १९ दशमलव छ प्रतिशत, लुम्बिनीमा १८ दशमलव पाँच प्रतिशत धान रोपाइँ भएको छ । त्यस्तै, गण्डकी प्रदेशमा १२ दशमलव चार प्रतिशत क्षेत्रमा धान रोपाइँ भएको छ । सरकारले धान उत्पादनमा आत्मनिर्भर बन्ने लक्ष्यका साथ सहज रूपमा रासायनिक मल उपलब्ध गराउने र उन्नत बीउको प्रबन्ध गरेको छ । समयमै मनसुन समेत सुरु भएकाले यस वर्ष उल्लेख्य रूपमा धान खेती हुने अपेक्षा गरिएको छ । नेपालमा करिब १४ लाख हेक्टरभन्दा बढी क्षेत्रफलमा धान खेती गरिन्छ । देशभरका ७७ जिल्लामध्ये ७५ जिल्लामा धान खेती हुने गरेको छ । कुल खेतीयोग्य जमिनको करिब ५० प्रतिशत क्षेत्रमा धान खेती गरिने तथ्याङ्क छ ।*-रासस*

# तानसेनका अर्जुनले गरे सगरमाथाको सफल आरोहण



**पाल्पा, असार १४**/जिल्लाको तानसेन नगरपालिका -७ काजीपौवाका अर्जुन थापा मगरले सगरमाथाको सफल आरोहण गरेका छन् । उनले जेठ १३ गते बिहान ६ बजेर १८ मिनेट जाँदा सगरमाथाको सफल आरोहण गरेका हुन् ।

उनी विगत २० वर्षदेखि भारतीय सेनामा कार्यरत छन् । भारतीय सेनाले २००१ मा पहिलो पटक सफल सगरमाथा आरोहण गरेको थियो । सोही दिनको सम्झनामा २५ औं वर्ष मनाउन थापा सहित ३५ जनाको टिम आधार शिविरबाट सगरमाथा चुचुरोतर्फ प्रस्थान गरेका थिए । जसमा २२ जनाले सफल अरोहण गरेका हुन् ।

आरोहणका क्रममा थुप्रै कठिनाईहरु खेप्नु परेको थापाले सुनाए । उनले भने "आधार शिविरबाट माथि एम वान, एम टु, एम थ्री र एम फोर जाँदै गर्दा मौसम खराबी, ग्रावेशेषहरु जस्ता समस्याहरुले निकै कठिन भयो तर सबै साथीहरुको साहस, उल्लास र उत्प्रेरणाले चुचुरोमा पुग्न सफल भयौं ।" सफल आरोहणपछि घर, परिवार, साथीभाई, छरछिमेक, इष्टमित्रहरुबाट थप खुसी र उत्साह थपेको थापाले बताए । उनलाई आरोहण गर्नमा श्रीमतिले समेत ठूलो साहस र उत्साह थपिदिएकी थिइन् । थापाले भने "म सगरमाथामा जानु अघि घरबाट श्रीमतिले माउन्ट एभेष्ट जानु सौभाग्य हो, हजुर सक्नुहुन्छ जानुहोस् भनेर पाइला पाइलामा जुन उत्साह र ढाडस दिएकी थिइन् त्यसले पनि मलाई थप चुचुरोमा पुग्न बल पुगेको हो ।" श्रीमति देवमाया थापाले श्रीमानले सफल सगरमाथा आरोहण गरेर फर्किसकेपछि खुसीको सिमाना नै नरहेको बताईन् । उनले भनिन् "सुरुमा त अत्यन्त डर लागेको थियो, सगरमाथा जाँदा खतरा हुन्छ, मरिन्छ भन्ने सुनेकी थिएँ, जसले गर्दा डर लागेको थियो । पछि उहाँले हामीले तालिम लिएका छौं, आइसको बारेमा सबै बुझेका छौं, नडराउ भनेर सात्वना दिनुभयो । त्यसपछि मैले हुन्छ भनेर थप उत्साह दिएकी थिए ।" सफल आरोहण गरेर फर्किएपछि भने घर परिवारमा अत्यन्त खुसी छाएको उनले बताइन् । थापाले भनिन् "अहिले आफुलाई सगरमाथा आरोहीकी श्रीमति भनेर चिनाउन पाउँदा खुसी लागेको छ ।" सफल आरोहणपछि अहिले थापालाई विभिन्न संघ संस्था र निकायहरुले सम्मान गरिरहेका छन् । अहिले घर आएका उनलाई तानसेन-७ को वडा कार्यालय, रोटरी क्लव अफ पाल्पा तानसेनले सम्मान गरेका छन् ।

# कम्युनिष्टले जनभावना अनुसार काम नगरेकोमा चिन्ता व्यक्त




**कृष्ण पोखरेल**

**पाल्पा, असार १४**/ पछिल्लो समय कम्युनिष्ट पार्टीले जनभावना अनुसार काम गर्न नसकेकोमा चिन्ता व्यक्त गरिएको छ । पुष्पलाल स्मृती प्रतिष्ठान नेपाल तानसेन पाल्पाले नेपाल कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालाको १०१ औ जन्मजयन्तीको अवसरमा आयोजना गरेको नेपालमा कम्युनिष्ट आन्दोलन र यसको भविष्य विषयक छलफल बहस तथा अन्तर्क्रियामा सहभागीहरुले कम्युनिष्ट पार्टीले जनभावना अनुसार काम गर्न नसकेकोमा चिन्ता व्यक्त गरेका हुन् ।

उनीहरुले नेपालका कम्युनिष्ट पार्टीहरु सिद्धान्त विचार भन्दा पनि व्यक्तिगत गुठबन्धी, आ-आफ्नो स्वार्थका कारण जनताको भावना र चाहाना अनुरुप काम गर्न नसकेको आरोप लगाए । नेपालमा कम्युनिष्ट पाटीका नेताहरु सत्तामा नपुग्दा ठूला - ठूला कुरा गर्ने सत्तामा पुगेपछी गुठबन्धी र स्वार्थ केन्द्रित राजनीति गर्दा जनतामा निराशा बढ्दै गएको सहभागीहरुले बताए । नेपालमा नाम मात्रका कम्युनिष्ट, व्यबहारमा कम्युनिष्टको कुनै आचारण नभएका पार्टी तथा पात्रहरुको कारण कम्युनिष्टको संख्या दिनहुँ ओरालो लाग्दै गएको, प्रत्येक निर्वाचनमा कम्युनिष्टको मत लाखौले घट्दै गएको, नयाँ युवा पिढीलाई कम्युनिष्टको नाराले छुन नसकेको, कम्युनिष्ट नेताका व्यवहारले नेता देख्दा युवाले मुन्टो बटार्ने स्थिती आएको उनीहरुको भनाई छ । यही अवस्था रहेमा अबको १० बर्षिमा नेपालमा कम्युनिष्ट पार्टीको अवस्था दयनिय हुनमा सहभागीहरुले चिन्ता व्यक्त गरे । कम्युनिष्ट पार्टीहरुमा एक पटक नेतृत्वमा पुगेपछि आफुमात्र सक्षम, राम्रो भन्दै अनन्तकालसम्म नेतृत्वमा रहने, नेतृत्व बाहिर भएपछी पाटी फुटाउने, कुनै पनि कम्युनिष्ट पार्टीहरु सिद्धान्त, विचार प्रति अडिग नभएको, व्यक्तिगत स्वार्थका लागि बर्ग दुस्मनसँग पनि घाँटी जोडाएर चुनाव, सत्ता, सरकारमा सहकार्य गर्ने प्रवृतिले नेपालमा दिनहुँ कम्युनिष्ट पार्टी कमजोर बन्दै गएकोले कम्युनिष्ट पार्टीका नेतृत्व वर्गले सोच्ने समय आएको नयाँ पुस्ताका कम्युनिष्ट नेताहरुले धारणा राखे । कार्यक्रममा प्रतिष्ठानका सचिव गणेश ज्ञवालीले नेपालमा कम्युनिष्ट आन्दोलन र यसको भविष्य विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए । सचिव ज्ञवालीले वि.स. २००६ साल बैशाख १० गते नेपालमा कम्युनिष्ट पार्टीको स्थापना भएपछि हालसम्मका विभिन्न आन्दोलन तथा गतिविधीहरुको नालीबेली सहित १४ वटा बुदाँमा समेटेर आन्दोलन र भविष्यको चर्चा गरे । कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, उप प्रमुख काशिका ज्ञवाली गैरे, नेकपा एमालेका जिल्ला अध्यक्ष ओमबहादुर घर्तिमगर, नेकपा एकिकृत समाजवादीका केन्द्रिय सदस्य यादव बहादुर रायमाझी, राष्ट्रिय जनमोर्चा नेपाल पाल्पाका अध्यक्ष विशाल दर्लामी, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, प्रतिष्ठानका संरक्षक अशोक कुमार शाही लगायतले पार्टी स्थापनाको लागि पुष्पलालले खेलेको भूमिका, नेपालमा कम्युनिष्ट पार्टीहरुमा एक आपसमा पद र सत्ताको लागि लड्ने फुट्ने गरेकै कारण समस्या रहेको बताए । कम्युनिष्ट पार्टीहरु आ-आफ्नो नीति र सिद्धान्त अनुरुप चलेका छन् कि छैनन, जनताको नजरमा कम्युनिष्ट पार्टीहरुको मुल्याङ्कनको विषयमा बहस, अन्तर्क्रिया र छलफल गर्नको लागि प्रतिष्ठानले नेपालमा कम्युनिष्ट आन्दोलन र यसको भविष्यका विषयमा जिल्लाका कम्युनिष्ट पार्टीका नेताहरुलाई राखेर कार्यक्रम गरिएको अध्यक्ष गोविन्द भट्टराईले बताए । प्रतिष्ठानका अध्यक्ष भट्टराईको अध्यक्षता, उपाध्यक्ष गोपाल प्रसाद बस्यालको स्वागत, कोषाध्यक्ष झपेन्द्र गहिरेको धन्यवाद ज्ञापन, सदस्य सन्तोष खनालको सञ्चालनमा कार्यक्रम भएको थियो । पुष्पलालको जन्म विसं १९८१ असार १५ मा भएको थियो भने मृत्यु २०३५ साल साउन ७ गते भारतको नयाँदिल्लीमा भएको थियो ।

## खेलकुद समाचार

# वेस्ट इन्डिजमाथि अस्ट्रेलियाको शानदार जित



**काठमाडौं, असार १४**/जोश हेजलवूडको घातक बलिङ प्रदर्शनमा अस्ट्रेलियाले वेस्ट इन्डिजविरुद्धको पहिलो टेस्ट खेल तीन दिनमै सकाउँदै १५९ रनको शानदार जित हासिल गरेको छ ।

दोस्रो इनिङमा ३०१ रनको लक्ष्य पछ्याएको वेस्ट इन्डिज अन्तिम सत्रको अन्तिम ओभरमा मात्र १४१ रनमै समेटिएको थियो । खेल चौथो दिनसम्म लम्बिने संकेत दिइरहेका बेलामा अस्ट्रेलियाले अतिरिक्त आधा घण्टा खेल्ने निर्णय गऱ्यो । त्यसपछि नाथन लायनले अन्तिम ओभरकै दुई बलमा लगातार दुई विकेट लिएर खेल समाप्त गरे। हेजलवूडले ४३ रन मात्र दिएर ५ विकेट लिए । पहिलो ओभरमै मिचेल स्टार्कले कप्तान क्रेग ब्राथवेटलाई ब्याकवर्ड स्क्वायर लेगमा क्याच गराए। त्यसपछि प्याट कमिन्सले शाइ होपलाई बोल्ड गरेका थिए । मार्नस लाबुशेनले सब्स्टिच्युट फिल्डरको रूपमा अल्जारी जोसेफलाई डाइरेक्ट हिटमार्फत रन आउट गरेका थिए । लायनको नाममा त्यही अन्तिम ओभरको २ विकेट रह्यो । यसअघि जेडन सिल्सले ५ विकेट तथा शमार जोसेफले ४ विकेट लिएपछि अस्ट्रेलिया पहिलो इनिङमा १८० रनमा अलआउट भएको थियो । जवाफमा वेस्ट इन्डिजले १९० रन बनाएको थियो । त्यसपछि १० रनले पछाडि रहेको अवस्थाबाट अस्ट्रेलियाले थप ३१० रन जोडेको थियो । दोस्रो इनिङमा एलेक्स केरीले ६५, बीउ वेब्स्टरले ६३ र ट्राभिस हेडले ६१ रनको योगदान दिए । शमारले ५ विकेट लिएका थिए । दुवै इनिङमा अर्धशतक प्रहार गरेका हेड म्यान अफ द म्याच घोषित भए ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

# रोटरी क्लव पाल्पा...

...उनले युनाईटेड मिसन अस्पताललाई ४ करोड २२ लाख लागतमा 'फोहोर पानी उपचार युएमएच परियोजना' निर्माण गरी हस्तान्तरण गरेको, बगनासकाली गाउँपालिकामा लिफ्टिङ खानेपानी योजना निर्माण, मिसन अस्पताललाई मोवाइल एक्सरे, मदनपोखरा वि ल्याण्ड स्कूललाई झ्यालमा सिसा राख्न सहयोग, बर्तुङ्गमा खानेपानी योजना, पूर्वी पाल्पामा खानेपानी योजना निर्माण, दमकडा माविमा स्कुल सर्पोट कार्यक्रम, धवल पुस्तकालयमा डिजिटल लाइब्रेरी कम्प्युटर सहयोग, मिसन अस्पतालमा मेडिकल सामान वितरण, तिनाउको एक विद्यालयमा शौचालय निर्माण, पूर्वी पाल्पामा सानो सिचाइँ आयोजना निर्माण लगायतका ठूला परियोजनाहरुको काम गरिसकेको उल्लेख गरे ।

छत्रराज शक्यको नेतृत्वमा २७ जना सदस्यहरुबाट स्थापना भएको क्लवले तानसेनमा भव्य समारोहकाबिच आफ्नो २५ औं वर्ष मनाएको छ । क्लवले केक काट्नुको साथै संस्थापक र क्लवमा महत्वपूर्ण योगदान पुऱ्याउने पदाधिकारीहरुलाई सम्मान गर्दै स्थापना दिवस मनाएको हो । कार्यक्रमको प्रमुख अतिथि लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री विरबहादुर राना र क्लवका संस्थापक अध्यक्ष छत्रराज शाक्यले केक काटेर उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै सांसद रानाले समाज सेवामा क्लवले खेलेको भूमिका महत्वपूर्ण रहेको बताए ।

उनले जिल्लाको सामाजिक, स्वास्थ्य शिक्षा, पर्यटन जस्ता क्षेत्रहरुमा क्लवले अनुकरणीय कार्य गरेकोमा प्रशंसा गरे । नेता राना भने "क्लव एउटा साँघुरो घेरामा मात्र सिमित छैन, यसको सञ्जाल अन्तर्राष्ट्रियस्तरमा समेत रहेकाले समाज रुपान्तरण र देशविकासमा ठूलो योगदान छ भन्ने हामी बुझेका छौं ।" सांसद रानाले सामाजिक आर्थिक, धार्मिक विकासमा अन्तर्राष्ट्रिय निकायसँग सहकार्य गरेर काम गर्न क्लवलाई आग्रह समेत गरे । उनले पाल्पाको रानीमहल क्षेत्रको अन्तर्राष्ट्रियस्तरमा प्रचार-प्रसार गरी पर्यटनको विकास विस्तार गर्ने कुरामा समेत क्लवले महत्वपूर्ण भूमिका खेल्न सक्ने विश्वास व्यक्त गरे । सांसद रानाले समाजमा थुप्रै क्षमतावान व्यक्तिहरु भएकाले तिनीहरुको पहिचान गरी क्लवमा आवद्ध गर्दै समाज सेवामा जोड्नुपर्नेमा समेत जोड दिए ।

क्लवका संस्थापक अध्यक्ष रो.छत्रराज शाक्यले क्लवको इतिहासका बारेमा जानकारी गराउँदै नि:स्वार्थ भावले समाज सेवामा क्लव समर्पित हुँदै आएको बताए । उनले भने "व्यक्तित्व, नेतृत्व विकास र समाजसेवामा क्लवले महत्वपूर्ण काम गर्दै आज यो अवस्थामा आएको छ । यसले गरेका हरेक रचनात्मक कामले खुसी लाग्छ ।"

तिनाउ गाउँपालिकाका अध्यक्ष प्रेम श्रेष्ठले आफु गाउँपालिकाको अध्यक्ष भए पनि क्लवको एउटा सदस्य समेत रहेको बताए । उनले आफ्नो गाउँपालिकाको शिक्षा, स्वास्थ्य क्षेत्रमा काम गरिदिन क्लवलाई आग्रह समेत गरे । वर्ष २०२५/०२६ का असाइन गर्भनर दिनेशमणी सुवेदीले २५ वर्षको यात्रासम्म आइपुग्दा क्लवले गरेका काम अत्यन्त लोभ लाग्दा रहेको बताए । उनले रोटरीको मूल्यमान्यतालाई क्लवले आत्मसाथ गर्दै आएकोमा खुसी व्यक्त गरे । क्लवका संस्थापक सचिव बुद्धिप्रसाद शर्माले क्लवले रजत महोत्सव मनाउन पाउनु नै यसको उपलब्धी रहेको बताए । उनले सिमित स्रोत साधनको प्रयोग गरेर क्लवले महत्वपूर्ण काम काम गर्दै आएको उल्लेख गरे । शर्माले अब दीगो विकासका लागि प्रभावकारी हुने कार्य गर्नुपर्नेमा जोड दिए ।

क्लवले सोही अवसरमा संस्थापकहरु रो. छत्रराज शाक्य, रो. बुद्धिप्रसाद शर्मा, रो. प्रदिप प्रसाद उदय, रो. बंकीनचन्द खनाल, रो. विरेन्द्रकाजी शाक्य र अन्य पदाधिकारीहरुलाई सम्मान समेत गरेको थियो । क्लवका अध्यक्ष रो. भिमबहादुर श्रेष्ठको अध्यक्षता, सचिव रो. विनायक महर्जनको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१९६४, ५२१९६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई